जि.प्र.का.महोत्तरी दर्ता न.५४-२०७८ -०७९

समाज , राष्ट्र र जनताको विकासको लागि

GAUSHALA KHABAR NATIONAL DAILY

# गौशाला खबर

राष्ट्रिय दैनिक

वर्ष ३ | अंक १६८ | १७ चैत्र २०८०, शनिबार | 30 Mar. 2024 | पृष्ठ ४ | मुल्य रु.५

## महोत्तरीमा चार निरीक्षक र एक विद्यार्थी कारबाहीमा

*महोत्तरी, चैत १६ गते ।*
जारी एसइई परीक्षामा महोत्तरीका विभिन्न परीक्षा केन्द्रहरूमा गरिएको अनुगमनको क्रममा परीक्षार्थीसहित निरीक्षकसमेत कारबाहीमा परेका छन्।

मावि खखना परीक्षा केन्द्रमा अमर्यादित क्रियाकलाप गरेको भन्दै एक विद्यार्थीको नेपाली विषयको परीक्षा रद्द गरिएको छ। सोही केन्द्रबाट एक निरीक्षक निष्कासनमा परेका छन्।

थप परीक्षा केन्द्रहरूबाट तीनजना निरीक्षकलाई अर्को परीक्षामा बस्न नपाउने गरी हटाइएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले जानकारी दिए। मर्यादित परीक्षा आवश्यक रहेको भन्दै उनले अमर्यादित क्रियाकलाप गर्ने परीक्षार्थी वा निरीक्षक जो भए पनि कारबाहीको दायरामा ल्याउन पछि नहट्ने बताए। प्रजिअ गेलालका अनुसार पहिलो



दिनको परीक्षामा सात थान र दोस्रो दिनको परीक्षामा ३४ थान गरी परीक्षार्थीहरूबाट हालसम्म कुल ४१ थान मोबाइल जफत गरिएको छ।

## ‘महोत्तरी कारागार भवन जीर्ण’

*महोत्तरी, चैत १६ गते ।* महोत्तरी कारागारको अवस्था अत्यन्त दयनीय रहेको पाइएको छ। सङ्घीय संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिको कारागार अनुगमन उपसमितिका सदस्यले कारागार प्रशासनसहितको सहभागिता भएको अनुगमनमा महोत्तरी कारागारको अवस्था अत्यन्त दयनीय पाइएको बताएका छन्। समितिका सदस्यद्वय प्रतिनिधिसभा सदस्य नगिना यादव र गोमा लाभ सापकोटा, समितिको सचिवालयका अधिकृत प्रवीण राईसहितको टोलीले बिहीबार कारागारको अनुगमन गरेको थियो । प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुख र कारागार प्रशासनको सहभागितामा अनुगमन गरिएको सांसद यादवले बताउनुभयो।

“कारागारमा क्षमताभन्दा चौब्बर बढी कैदी-थुनुवा राखिएका रहेछन्, सुत्न, बस्न निकै सकस रहेछ”, सांसद यादवले भन्नुभयो, “कोल्टे फेर्न पनि नपाइने गरी कैदी-थुनुवा बसेका




रहेछन्, कारागारको अवस्था अत्यन्त दयनीय देखियो ।” एक सय ३५ कैदी-थुनुवा राख्ने क्षमताको कारागारमा अहिले पाँच सय ८४ जना रहेका कारागार प्रशासनले जनाएको छ। केही साता पहिले कैदीथुनुवाको सङ्ख्या छ सय माथि रहेको अभिलेखले देखाएको उहाँले बताउनुभयो। कारागारमा पठनपाठन, खेलकुद र मनोरञ्जनको कुनै सुविधा छैन। औषधोपचार पनि चाहिएका बेला पाउन नसकिएको कैदी-थुनुवाले बताएका सांसद यादवको भनाइ छ। पुरानो भवनका इँटा झर्ने, छत उप्केर टुक्रा झरिरहने क्रमले बसाइ जोखिमपूर्ण देखिएको अर्का सदस्य सापकोटाले बताउनुभयो। वि.सं.१९१३

बाकि पृष्ठ २ मा

## कतारका वैदेशिक रोजगारीको लागि सुवर्ण अवसर

**कम्पनि : A TO Z SERVICES**

कामदारको पद
OFFICE BOY
TEA BOY
CLEANER
Required : 100 Nos
SALARY: 1000+300 QR
**MORE DETAILS**
DUTY TIME: 8HRS 26 DAYS
BASIC ENGLISH SPEAKING







**FINAL ENTERVIEW**
**2080 चैत्र 13,14,15 गते**

NEW RAM JANAKI TRANING CENTER
BARDIBAS –14MAHOTTARI
9817838138,9862251067,9800863131,9802003638,9802003637

## भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो

### श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय
गौशाला न.पा. -५ , महोत्तरी

Diploma in civil
Engineering (class 9 to 12 )

**हाम्रा विशेषताहरु :**
- दक्ष अनुभवी र प्राप्त शिक्षक एवं प्रशिक्षक द्वारा अध्यापन गराइने ।
- जेहेनदार , दलित अपाङ्ग विद्यार्थीहरुको निमित्त छात्र वृत्तिको व्यवस्था ।
- कक्षा कोठामा CCTV CAMERA / PROJECTOR को व्यवस्था ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान एवं इन्जिनियरिंग ल्याबको व्यवस्था भएको ।
- Physics ,chemistry , soil mechanics , fluid mechanics , survey and structural lab.
- समय समयमा शैक्षिक भ्रमण गराइने ।
- प्रवेश परिक्षामा प्रथम , द्वितीय , तृतीय गर्ने छात्र छात्रालाई १००% ,५०%, २५% छात्रवृत्तिको व्यवस्था (एक वर्षको लागि ) ।



**आवश्यक कागजातहरु :**
कक्षा ८ को प्रवेश पत्रको प्रतिलिपि -१ थान
जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि - १ थान
पि. पि. साईज फोटो - २ थान

फारम भर्ने मिति २०८० चैत्र १० गते देखि २०८० चैत्र २५ गते सम्म
Entrance preparation class = chaitra 25 27 28

परिक्षा मिति : २०८० चैत्र २९ गते विहिबारको दिन

### श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय
गौशाला न.पा. -५ , महोत्तरी

प्र.अ. विनोद महतो
Mob 9814800989

Co–ordinator : Er Pappu Er Roshan
Mob 9801674850

## दिपक पार्टी प्यालेस एण्ड होटल
बर्दिबास -१ महोत्तरी (नगरपालिका भवनदेखि उत्तर



*यहाँ विवाह ब्रतबन्धन ,सभा सम्मेलन ,सेमिनार,गोष्ठी आदि कुनै पनि शुभ कार्यको लागि ५०० भन्दा बढी अट्ने सभाहल,पार्किंगको राम्रो व्यवस्था ,सुलभ मूल्यमा खान बस्नको व्यवस्थाको साथै रेष्टुरेन्टको पनि व्यवस्था रहेको छ।*

टेन्ट क्याट्रींग सम्बन्धि इन्डोर आउटडोरको सम्पूर्ण सेवा सुविधा उपलब्ध छ।
सम्पर्क : ९८५४०२९४२६,९८०४८३८९२६

# सम्पादकीय

### सामाजिक विकृति

महोत्तरी जिल्लामा मात्र नभएर मधेश प्रदेशका अधिकांस जिल्लाहरुमा सामाजिक विकृति ब्याप्त छ। तोकेरै भन्नुपर्दा बोक्सीको आरोप , छुवाछुत , जातीय विभेद , दाइजो प्रथा , घुम्टो प्रथा सामाजिक विकृति हुन् ।

बोक्सी कूप्रथा विरुद्ध अभियन्ताहरु लडिरहेका छन्, गत वर्ष मात्र मान्छे बोक्सी हुन्न कहिल्यै भन्दै अभियान चलाएको जिल्ला महोत्तरी नै हो । महोत्तरी र अन्य छिमेकी जिल्लामा पनि यस प्रकारका अभियान चलिरहेका छन्, तर कुप्रथा घटेको छैन । गएको दशैंको अष्टमी र नवमीका दिन महोत्तरीकै दुई महिलाले बोक्सीको आरोपमा परिवार र छिमेकीबाट कठोर हिंसा व्यहोर्नुपऱ्योरु। महोत्तरी गाउँपालिका- ३ मडईकी ४२ वर्षीया शिलादेवी झाले ज्यान नै गुमाउनुभयो। जलेश्वर नगरपालिका- ४ सुगाकी सुकमरिया देवीलाई छिमेकीले मलमूत्र खुवाए र चारपाटे मुडेर निर्घात कुटपिट गरेरु।

कानुन अनुसार कसैलाई पनि बोक्सा-बोक्सी भनेर सम्बोधन गर्नु मात्र पनि दण्डनीय हुन्छ। बोक्सीको आरोप भन्नाले कुनै व्यक्तिलाई बोक्सा, बोक्सी वा यस्तै अन्य नामबाट लाञ्छना लगाउने कार्य सम्झनु पर्छ। कानुनले बोक्सीको आरोप लगाउने, बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने, बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गर्ने, बोक्सीको आरोपमा सामाजिक बहिष्कार गर्ने, बोक्सीको आरोपमा बसोबास गरेका ठाउँबाट निकाला गर्ने, धामी, झाक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा यस्तै अन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउनेजस्ता कार्य गर्नु दण्डनीय हुने व्यवस्था गरेको छ। तर, कानुनको प्रचार र कार्यान्वयन सक्रियताका साथ हुन नसक्दा विकृति जहाँको त्यही छ।


## विज्ञापन गराउन

कुनै पनि संघ संस्था तथा व्यवसायको रेडियोबाट विज्ञापन गराउन तथा जिंगल बनाउनको लागि सम्झनुहोस ।

विस्तृत जानकारीको लागि
रेडियो जुनतारा१०३.४ मेगाहर्ज
गौशाला महोत्तरी
सम्पर्क नम्बर :९८२७८५३६५०

मार्केटर : संजय कुमार साह
सम्पर्क न. :९८२९९३६३९८


## आवश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | २५०१९९ |
| इलाका प्रहरी कार्यालय ,गौशाला | ५५६१०० |
| नेपाल पत्रकार महासंघ ,महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य ,गौशाला | ९८४४२९५९७० |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र ,गौशाला | ५५६०८९ |
| रेडीयो जुनतारा १०३.४ मेगाहर्ज ,गौशाला | ९८१९६४६८२५ |

# ‘देश विकासमा उद्योगी र व्यवसायीको योगदान महत्वपूर्ण’



*चैत १६ गते ।*

सङ्घीय सरकारका रक्षामन्त्री हरिप्रसाद उप्रेतीले मुलुकको अर्थतन्त्रको विकासमा उद्योगी, व्यवसायीको योगदान महत्वपूर्ण रहेको बताउनुभएको छ । धनुषाको ढल्केबरमा आयोजित मधेश प्रदेश उद्योग परिसङ्घको प्रथम साधारणसभा कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

रक्षामन्त्री उप्रेतिले मुलुकको समग्र अर्थतन्त्रलाई लिएर उद्योगी, व्यवसासइले निराशाको कुरा मात्रै गर्नु नहुने बताउँदै निजी क्षेत्र र सरकारको सहकार्यबाट मात्रै राष्ट्रको समृद्धि हासिल गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

विश्वका ठूलो अर्थतन्त्र भएको मुलुक चीन र भारत पनि कुनै समय आर्थिक सङ्कटबाट गुज्रिएको उदाहरण दिँदै उहाँले भन्नुभयो, “अब निराशाको कुरा गरेर मात्रै फाइदा छैन। उद्योगी, व्यवसायी उर्जाशील भएर लाग्नुपर्छ तब मात्र यो सङ्कबाट पार पाउन सकिन्छ ।” मुलुकको अर्थतन्त्र बलियो बनाउने जिम्मेवारी उद्योगी, व्यवसायीको काँध रहेको उहाँको भनाइ छ।

रक्षामन्त्री उप्रेतीले मधेश प्रदेशका उद्योगी व्यवसायीहरुको समस्या समधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले मधेश प्रदेशमा थुप्रै प्रसिद्ध धार्मिक स्थल भएकाले धार्मिक पर्यटन विकास जोड दिनुपर्ने धाणा राख्दै भारतको अयोध्या भ्रमणमा आउने पर्यटकमध्ये पाँच प्रतिशतलाई पनि जनकपुरधाम भित्रियाउन सके अर्थतन्त्रको खुड्किलो चढ्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । जनकपुरधामको विकासका लागि भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँग प्रस्ताव गरेको र उताबाट पनि सकारात्मक प्रतिक्रिया प्राप्त भएको बताउनुभयो । कार्यक्रममा उद्योग परिसङ्घका केन्द्रीय अध्यक्ष राजेश अग्रवालले उत्पादनमा लागत घटाउन थप भन्सार नाका खोल्नुपर्ने बताउनुभयो । मधेश प्रदेशको मध्य भागमा रहेको उद्योगका लागि वीरगञ्ज र विराटनगर भन्सार नाका भएर कच्चा पदार्थ आयात गर्नुपरेकाले उत्पादन लागत बढेर महङ्गो भएको बताउँदै उहाँले धनुषाको जटही र महोत्तरीको भिट्ठामोड भन्सार नाकाबाट पनि कर्चा पदार्थ आयात गर्ने प्रबन्ध सरकारले मिलाउनुपर्ने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “छिमेकी मुलुक भारतमा अनुदानमा सामान उत्पादन हुन्छ। हामीले ऋणमा उत्पादन गर्छौं। अनि कसरी प्रतिस्पर्धामा गर्न सक्छौं । त्यसैले उत्पादन लागत घटाउने विषयमा सरकारको ध्यान पुग्नु जरुरी छ ।“

# ’प्रदेश समृद्धिको आधारमध्ये खेलकुद पनि एक हो’




*चैत १६ गते ।*

मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले देश तथा प्रदेशको समृद्धिको आधारहरुमध्ये खेलकुद पनि एक रहेको बताउनुभएको छ। उहाँले खेलकुदले बालबालिका तथा युवाहरुको शारीरिक, मानसिक तथा तिनीहरुको व्यक्तित्वको विकासमा ठूलो योगदान दिने गरेको बताउनुभएको हो । मधेश प्रदेशको राजधानी जनकपुरधाममा शुक्रबारदेखि सुरु भएको दोस्रो मेयर कप टि-२० क्रिकेट प्रतियोगिता २०८० को उद्घाटन कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो। उहाँले मधेश प्रदेश क्रिकेट खेलमा निक्कै अगाडी भएको चर्चा गर्दै क्रिकेट खेलको विकासका लागि यस क्षेत्रमा अन्तराष्ट्रिय स्तरको रङ्गशाला आवश्यक भएको बताउनुभयो । उहाँले निर्माणाधीन अवस्थामा रहेको रामजानकी रङ्गशालाको निर्माण छिटो हुन जरुरी रहेको भन्दै यसमा सबैको सहयोग आवश्यक भएको बताउनुभयो । कार्यक्रममा मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री सुरिता साहले रामजानकी बहुउद्देश्यीय रङ्गशालाको डिपिआर तयार पार्नका लागि प्रदेश सरकारले बजेट विनियोजन गरेको बताउँदै अर्को आर्थिक वर्षदेखि रङ्गशालाको निर्माणका लागि बजेट विनियोजन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले यस क्षेत्रको खेलकुदको विकासका लागि स्थानीय तहले गरिरहेको भूमिकाको सराहना गर्दै मेयर कप क्रिकेट प्रतियोगिताले खेलाडीहरूको क्षमता विकासमा ठूलो योगदान पुग्ने आशा व्यक्त

बाकि पृष्ठ ३ मा

# ‘महोत्तरी कारागार ...

मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा निर्माण गरिएको भवनमा कारागार सञ्चालन छ । “जीर्ण भवन कतिबेर ढल्छ भन्ने त्रास जतिखेर पनि रहेछ, कतै पर्खालका इँटा झर्छन्, कतै छतको प्लास्टर उप्किएर झर्दो रहेछ ”, सांसद सापकोटा भन्नुहुन्छ, “जतिखेर पनि कैदी-थुनुवा त्रासमा रहने गरेका पाइयो ।” सरकारले सबैभन्दा पहिले सुरक्षित कारागार भवनको व्यवस्था गर्नुपर्ने सांसद सापकोटा बताउनुहुन्छ। कारागारमा दिसापिसाब र नुवाइधुवाइका लागि पालो पर्खनुपर्छ। सरसफाइको कमीले अधिकांश कैदी/थुनुवामा चर्मरोगको समस्या छ । धनुषा जिल्लामा कारागार नहुँदा त्यहाँको चापले यहाँ कैदी/थुनुवा बढेका कारागार प्रशासनले जनाएको छ। कुल कैदी-थुनुवामध्ये ६० प्रतिशतभन्दा बढी धनुषाकै रहेका कारागार कार्यालयका सूचना अधिकारी रविनचन्द्र ठाकुर बताउनुहुन्छ । कारागारको जलेश्वरमा छ बिघा ११ कट्ठा जग्गा भए पनि सो ठाउँमा नयाँ कारागार भवन निर्माण हुन सकेको छैन ।

*रासस*


भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

## सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल

भंगहा न.पा. ७ गोरहन्ना बजारमा
भर्ना खुल्यो

NEW ADMISSION OPEN

हाम्रा विशेषताहरु

- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई
- छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था
- यातायातको व्यवस्था
- स्कूलको आफ्नै भवनमा पठनपाठनको व्यवस्था
- नर्सरी कक्षा देखि ८ कक्षा सम्मको व्यवस्था
- प्रत्येक कक्षाकोठामा अअकेमरको व्यवस्था



थप जानकारीको लागि

सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल
भंगहा न.पा. ७ गोरहन्ना बजार

प्रिन्सिपल :वद्री राय दनुवार ,९७०२९०७००५ ,९८२७७०४१३३

# बर्थिङ्ग सेन्टरको उद्घाटन

*चैत १६ गते ।*
उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री उपेन्द्र यादवले गुणस्तरीय स्वास्थ्य सेवा दिनका लागि प्रतिबद्ध हुन चिकित्सकहरुलाई निर्देशन दिनुभएको छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा शुक्रबार मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहतको प्रादेशिक अस्पतालमा नव निर्मित बर्थिङ्ग सेन्टरको उद्घाटन पश्चात आयोजित कार्यक्रममा सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।



उपप्रधानमन्त्री यादवले भौतिक संरचनाको निर्माण र प्राविधिक व्यवस्थापनले मात्र गुणस्तरीय स्वास्थ्य सेवा सम्भव नरहेको उल्लेख गर्दै गुणस्तरीय स्वास्थ्य सेवाका लागि हामी सबै प्रतिबद्ध हुनु जरुरी भएको बताउनुभयो । दक्ष जनशक्तिको प्रतिबद्धताले मात्र गुणस्तरिय स्वास्थ्य सेवा सम्भव रहेको उल्लेख गर्नुहुँदै उहाँले चिकित्सकहरुलाई प्रतिबद्धताका साथ सेवामा जुट्न निर्देशन समेत दिनुभयो। उहाँले भन्नुभयो, "सरकारले भौतिक पूर्वाधार र दक्ष जनशक्ति व्यवस्थापन गर्छ, गुणस्तरीय सेवाको लागि प्रतिबद्धता देखाउने जिम्मेवारी स्थानीयबासीको हो । यहाँका बासिन्दाले अब प्रमाणित गरेर देखाउनु पर्छ ।" मधेश प्रदेश छिट्टै स्वास्थ्यको क्षेत्रमा फड्को मार्ने विश्वास व्यक्त गर्दै उपप्रधानमन्त्री यादवले जनकपुर, राजविराज र विरगञ्जमा स्वास्थ्य क्षेत्रको ठूलो प्रोजेक्टमा काम भइरहेको उल्लेख गर्नुभयो ।

स्वास्थ्य लगायतको क्षेत्रमा अमेरिकी सहयोगको लागि अमेरिका सरकार र त्यहाँको जनतालाई धन्यवाद दिँदै उपप्रधानमन्त्री यादवले एमसिसीमार्फत् भइरहेको विकास निर्माणको कामको चर्चा समेत गर्नुभयो । मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री शत्रुधन प्रसाद सिंहले बर्थिङ्ग सेन्टरको निमार्णले यस क्षेत्रका बासिन्दा लाभान्वित हुने भन्दै गुणस्तरीय सेवा प्रभाव गर्नका लागि आवश्यक सहयोग गर्न मन्त्रालय सदैव प्रतिबद्ध रहेको बताउनुभयो । यु एस इण्डो पैसिफिक कमाण्ड र यु एस एम्बेसीको सहयोगमा करिव ६ करोडको लागतमा निर्मित ७५ बेड्को बर्थिङ्ग सेन्टरको सिलान्यास २०१८ नोभेम्बर १९ मा उपप्रधानमन्त्री यादवले नै गर्नु भएको बताइएको छ । प्रतिष्ठानका उपकुलपति डा. अंकुर साहको अध्यक्षतामा भएको उक्त समारोहमा उर्जा, खानेपानी तथा सिचाई मन्त्री सिंघासन सा कलवार, मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री केशव राय चौधरी, संघिय स्वास्थ्य सचिव रोशन पोखरेल, अमेरिकी राजदुत डिन आर थमसन, प्रदेशका स्वास्थ्य सचिव डा. प्रमोद यादव, प्रादेशिक अस्पतालका निर्देशक रामनरेश पण्डित सहितको सहभागिता थियो ।

## 'प्रदेश समृद्धिको ..........

गर्नुभयो ।कार्यक्रमको अध्यक्षता गर्नुभएका जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि डिपिआर तयार गर्न दुई करोड रकम विनियोजन गरिसकेको जानकारीमा आएको भन्दै रङ्गशालाको डिपिआर बनाउनमा ढिलाइ गर्न नहुने बताउनुभयो । उद्घाटन कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका वडा नं १४ का वडाध्यक्ष पूण्यप्रसाद यादव, रङ्गशाला निर्माण अभियानका संयोजक दिनेश पूर्वे सहितका वक्ताहरूले खेल क्षेत्रको विकासका साथसाथै रङ्गशालाको निर्माणको विषयमा आफ्नो मन्तव्यमा जोड दिनुभएको थियो । जनकपुरधामको वडा नं १४ रजौलमानिर्माणाधीन अवस्थामा रहेको रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालाको क्रिकेट खेल मैदानमा सुरु भएको प्रतियोगितामा मधेश प्रदेशका ८ जिल्लाका जिल्ला स्तरको क्रिकेट टिमको सहभागिता छ। दुई वटा समूहमा विभाजन गरेर भइरहेको सो प्रतियोगिताको फाईनल खेल चैत्र २४ गते हुने जिल्ला क्रिकेट संघका वरिष्ठ सदस्य सरोज कुमार मिश्रले जानकारी दिनुभयो ।जनकपुरधाम उपमहानगरपालिकाको आयोजनामा भइरहेको प्रतियोगितामा विजयी हुने टिमलाई दुई लाख ५१ हजार नगद, शील्ड, कप तथा प्रमाणपत्र प्रदान गरिने छ भने उपविजेता टिमलाई १ लाख ५१ हजार नगद, शिल्ड, कप तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

## एक विद्यार्थी पक्राउ

एसईईको प्रश्नपत्र बाहिरिएको घटनामा एक विद्यार्थीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सिराहाका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहालले सुखीपुर नगरपालिकास्थित रजत जनक माविकी एक छात्रालाई नियन्त्रणमा लिइएको जानकारी दिए ।गोलबजार नगरपालिकास्थित जनता मावि परीक्षा केन्द्रबाट एसईई दिएकी उनको साथबाट मोबाइलका साथसाथै प्रश्नपत्र र उत्तरसमेत फेला परेपछि पक्राउ गरिएको उनको भनाइ छ ।

उनका अनुसार प्रश्नपत्र बाहिरिएका विषयमा राष्ट्रिय परीक्षा बोर्डमा रिपोर्ट पठाइएको र माथिबाट आउने निर्देशनको आधारमा निर्णय लिइने छ । शुक्रबार नेपाली विषयको परीक्षा भएकोमा गोलबजार नगरपालिका अन्तर्गतको चोहर्वा परीक्षा केन्द्रका साथै अन्य विभिन्न केन्द्रबाट पनि प्रश्न पत्र बाहिर पुगेको थाहा भएको छ ।

चिट बनाउन सक्रिय रहेको टोलीलाई परीक्षा हलबाट एक थान प्रश्नपत्र केन्द्राध्यक्ष र गार्डहरू कै सहयोगमा बाहिर निकालिएको बताइएको छ । त्यहाँबाट तस्बिर खिचेर ह्वाटसअपमा छ्यापछ्याप्ती बनाइएको थियो ।


**गौशाला कान उपचार केन्द्र**

गौशाला- ५ ,महोत्तरी
( निगौल गाई गौशाला -५ गोरु बजार नजिक नँया भवनको माथिलो तल्लामा )
**सम्पर्क न. ९८१४७८६९२१ , ९८१५७४६३१५**

**हाम्रो सेवाहरु**
१ ओ.पि.डी सेवा प्रत्येक दिन (बिहान १० हजे देखि ४ बजे सम्म )
२ गौशालामा ओ.पि.डी सेवा प्रत्येक दिन सोमबार र विहिबार (बिहान १० हजे देखि ४ बजे सम्म )
३ जर्मनी अटोस्कोप मेशिनद्वारा कान जांच गरिन्छ ।
४ कान कम सुन्नेहरूलाई डिजिटल मेशिनद्वारा श्रवन परिक्षण गरिन्छ ।
५ कान कम सुन्नेलाई श्रवन यन्त्र ( hearing aid ) पाइन्छ ।
६ कानको जालीमा प्वाल परेको /हड्डी कुहिएको ,मासु पलाएको कानमा पनि जमेको,काम कम सुन्ने कान कान रोगीहरुलाई (ENT surgeon )द्वारा अप्रेशन पनि गरिन्छ॥

**साथै : कान पाक्ने (पिप आउने) कान दुख्ने,कान कम सुन्ने कान कराउने ,कान चिलाउने जस्ता रोगीहरुले समयमै कान जांच गराई बहिरोपन हुन् बात बाँचौ र अरुलाई पनि बाचाऔ ।**

**बर्दिबास कान उपचार केन्द्र प्रा.लि.**

बर्दिबास -१४ बजार मन्दिर नजिक,महोत्तरी
सम्पर्क न. ९८४०९०१३५३ , ९८१५७४६३१५


## दैनिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) तर्क र विवादमा राम्रो सफलता मिल्नेछ ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा) आज कडा परिश्रम व्यर्थै खेर जान सक्छ । वैदेशिक कार्यमा अवरोध हुनेछ ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ ।

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) आज अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइने छ।

**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) आज लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । जग्गाजमिनको कारोबारबाट राम्रो फाइदा हुनेछ ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आजको दिन मनोरञ्जनपूर्ण समय रहला । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) आज रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज तपाईंको सामान हराउन सक्छ । सहयोग गर्नेहरूले झुक्याउन सक्छन्, सावधान रहनुहोला ।

**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) आज नयाँ र महत्त्वपूर्ण कार्यको थालनी हुनेछ । वैदेशिक क्षेत्रका कार्य अघि बढ्नेछ ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) आज शुभकार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ।

**मकर** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) मठमन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ ।

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला । साँझमा पैसा खर्च हुने योग छ ।


**भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।**

PG To Grade 6

ADMISSION OPEN

नेपाल सरकार द्वारा मान्यता प्राप्त
*"Excellent education is our passion"*

**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**

**शतप्रतिशत शैक्षिक गुणस्तरको ग्यारेन्टी,**
**आधुनिक शिक्षा पद्धति र बालमैत्री वातावरण भएको,**
**जि.डी.एम. स्कूल, अब तपाईकै शहरमा हार्दिक स्वागत गर्दछौं ।**

**हाम्रा विशेषताहरू:**
- खुल्ला प्रतियोगिताद्वारा छनौट गरि नियुक्त गरिएको शिक्षक, शिक्षिकाद्वारा पठनपाठन गराईने,
- शान्त, स्वच्छ र अनुशासित शैक्षिक वातावरण भएको,
- विद्यालय प्राङ्गणमै, यथेस्ट खेल मैदान भएको,
- Montessori, Play Group तथा Smart Class को उचित व्यवस्था भएको,
- कक्षा १ देखि नै कम्प्यूटर शिक्षा Theoritical & Practical ज्ञान दिने,
- नियमित Music, Dance, Games, जस्ता अतिरिक्त क्रियाकलाप को व्यवस्था गरिएको,
- गुणस्तरीय पुस्तककालयको (E-Library) को व्यवस्था भएको,
- कक्षा अनुगमनका लागि CCTV क्यामेराको साथै Security System को व्यवस्था गरिएको,
- शिक्षण सुलभ बनाउन Free Internet / Library को व्यवस्था गरिएको,
- Projector द्वारा Class Prepration & Class Motivation शिक्षणको व्यवस्था गरिएको,
- गौशाला बजार तथा अन्य ठाउँमा यातायातको व्यवस्था गरिएको,
- Hostel/Day Hostel को उचित व्यवस्था भएको,

***Why choose us?***
- Nurturing Environment
- Experienced Educators
- Playful Learning
- Holistic Development
- Child-centric learning
- Well-equipped Computer Lab
- Child friendly, clean & safe invironment
- Kids club & Audio-Visual system
- Mud station, play station & many

**जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल**
G.D.M. ENGLISH BOARDING SCHOOL
संस्कारयुक्त शिक्षा
PG To Grade 6
Gaushala-5, Mahottari Near to Brahamsthan
Contact.-9801605172, 9815840565, 9867807469
gdmenglishboardingschool@gmail.com G.D.memorial english boarding school

# छालाको रोगमा खानाको महत्व



पछिल्लो समय छाला सम्बन्धी बिमारीमा मानिसको सचेतना बढेसँगै खाना र रोगको सम्बन्ध जान्न पनि उतिकै उत्सुक छन्। कुनैकुनै रोगमा यो चाहिँ खाना नखानुस् भनेर सजिलोसँग भन्न सकिए पनि धेरैजसो अवस्थामा यो नखानुस् या खानुस् भन्न चिकित्सकलाई पनि सजिलो छैन।

दृश्य १

करिब २५ अलिक दुब्लो एक व्यक्ति ओपिडीमा आउछन् छालाको एलर्जीको समस्याले। गाउँघरमा छालाको एलर्जीमा मासु खान हुन्न भनेको भरमा उनले मासु लगायत आलु, दाल, भेन्टाहरू नखाएको करिब तीन वर्ष भएछ। पहिलो नजरमा नै भन्न सकिन्छ कि उनी छालाको एलर्जीले भन्दा पनि पौष्टिक आहारको कमीले पीडित छन्।

दृश्य २

करिब पाँच वर्षको बच्चालाई जिउमा केही डाबर आएको छ। चार-पाँच दिनदेखि आफन्तको सल्लाहमा कुनै घरेलु औषधिलाई उमालेर त्यसको झोल ख्वाइन्छ। परिणाम बच्चालाई जिउभरि झन् धेरै एलर्जी आउँछ र अस्पतालमा भर्ना हुनुपर्दछ।

यी त केवल प्रतिनिधि उदाहरण मात्र हुन्। यस्ता घटना हाम्रो दैनिक चिकित्सकीय अभ्यासमा धेरै देखिन्छ

प्रस्तुत लेखमा छालाको विभिन्न रोगहरूमा हामीले खाने खानासँगको सम्बन्ध देखाउने कोसिस गरिएको छ।

छालाको एलर्जी (अर्टिकेरिया)

सिउडोएलर्जिन फ्री डाइट - सिउडोएलर्जिनको प्रयोग खानाको स्वच्छता कायम राख्नका लागि अथवा खानालाई रंगीन बनाउन प्रयोग हुन्छ। जो तयारी अथवा लामो समयसम्म भण्डारण गर्नुपर्ने खानामा हुन्छ। त्यस्ता खानाहरूको कमभन्दा कम प्रयोगले एलर्जीका बिरामीलाई फाइदा भएको अध्ययनले देखाएको छ।

अर्थात्, घरमा आफैले पकाएको स्वच्छ र ताजा खानाको नियमित प्रयोग।

अरोमेटिक कम्पाउन्ड्स - यस्ता रसायनयुक्त खानेकुरा दूध, अन्डा, चीज, मक्खन, पाउरोटी, पास्ता, मह, गोलभैँडा, पालुंगो, मकै जस्ता खाने कुरामा पाइन्छ। तर यी खानेकुरा सबै छोड्नुस् भन्ने लेखकको आसय होइन।

डन्डीफोर

गुलियो खाद्य पदार्थ - विभिन्न अध्ययनले देखएका ग्लुकोज तथा इन्सुलिनको मात्रा तुरुन्त बढाउने खानेकुराको सेवनले डन्डीफोर निकाल्न वा बढाउन मद्दत गर्दछ। जस्तैः ग्लुकोज, आलु, सेतो चामल, सेतो पाउरोटी, फ्रेन्च फ्राई, दुनोट, केरा, अंगुरले डन्डीफोर बढाउने देखिएको छ। त्यसकारण डन्डीफोरको समस्या आएकाहरूले यी खानेकुरा खाँदा सावधानी अपनाउन जरुरी हुन्छ।

दूध - दूधको अधिक सेवनले डनडीफोर बढाउने अध्ययनहरूले देखाएका छन्।

सोरायासिस - यसलाई नेपालीमा कत्लेरोग पनि भनिन्छ। छालाका विभिन्न दीर्घरोग मध्ये यो पनि एक हो। रोगको अवस्थालाई कम गर्न सकिए पनि यो रोग पूर्ण रूपमा नफर्किने गरी निको गर्न सकिँदैन। अध्ययन अनुसार यो रोगमा खानामा विशेष ध्यान दिनुपर्ने हुन्छ। खानामा चिल्लो पदार्थ एकदम कम हुनुपर्छ। धूमपान तथा मध्यपानले यो रोग बढाउँछ। खानामा विशेषगरी पौष्टिक आहार बढाउने भिटामिन डी तथा अन्य एन्टी-अक्सिडेन्टहरू जस्तैः भिटामिन ए, सी, ई तथा सेलेनियमको मात्रा बढाउनुपर्छ। फोलिक एसिड नामक भिटामिन सोरायासिसका बिरामीमा उपयोगी देखिएको छ। साथै मेथोट्रेकसेट नामक औषधि प्रयोग गर्दा फोलिक एसिडको नियमित प्रयोग गरिन्छ।

छालाका क्यान्सरहरू - एन्टी-अक्सिडेन्ट भिटामिनहरू जस्तैः भिटामिन ए, सी, ई तथा सेलेनियमको कमी, भिटामिन डीको कमी, खानामा अधिक चिल्लो पदार्थहरूसँग छालाको क्यान्सरको सम्बन्ध देखिएको छ।

एटोपिक डर्माटाइटिस - नवजात शिशुलाई ६ महिनासम्म केवल आमाको दूध मात्र खुवाउने हो भने एटोपिक डर्माटाइटिस लगायत छालाको विभिन्न रोगबाट बचाउन सकिन्छ।

दुध र अन्डा - हुन त दूध र अन्डाले एटोपिक डर्माटाइटिसको समस्यालाई बल्झाउने कुरा जनमानसमा व्याप्त। केही हदसम्म यो साँचो पनि हो। तर जबसम्म दूध र अन्डाको एलर्जी बिरामीलाई छ भनेर प्रमाणित हुँदैन तबसम्म यी परिकार नछोड्ने सल्लाह दिइन्छ। किनभने पौष्टिक आहारको अभावमा बिरामीलाई अरू समस्या देखिने सम्भावना हुन्छ। एलर्जी छ कि छैन भनेर प्रमाणित गर्नका लागि विभिन्न माध्यम जस्तैः दूध र अन्डाको सेवन गर्दा एलर्जी बढ्ने, स्किन प्रिक टेस्ट तथा रगतमा आइजिईको मात्रा हेर्न सकिन्छ।

प्रोबायोटिक्स तथा प्रिबायोटिक्स - प्रोबायोटिक्सहरू

जिउँदा किटाणुहरू हुन्, जसको सेवनले शरीरमा फाइदा हुन्छ।

# बालिका अपहरण गरी करणी गरेको अभियोगमा १ जना पक्राउ

बारामा १ जना सुस्त मनस्थितिकी बालिकालाई करणी गरेको आरोपमा १ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा कोहलवी नगरपालिका वडा नं. ८, नयाँ बस्तीका ३० वर्षीया प्रकाश कार्की रहेका छन् ।बारा जिल्ला अदालतमा कार्कीविरूद्ध जबरजस्ती करणीको मुद्दा दर्ता भएको हो ।बारा जिल्ला अदालतबाट अनुमति लिएर कार्कीविरूद्ध थप अनुसन्धान अघि बढाइएको बाराका प्रवक्ता डीएसपी दधिराम न्यौपानेले जनाए । सोही वडा निवासी एक सुस्त मनस्थिति बालिकालाई कार्कीले चैत ८ गते राति ८ बजे अपहरण गरी दुई दिनसम्म राखेको पीडित परिवारको आरोप छ ।पीडित बालिकाको स्वास्थ्य परीक्षण समेत भइसकेको प्रहरीले जनाएको छ ।

बालिकालाई सुरूमा कलैयास्थित महिला बालबालिका सेवा केन्द्रमा लागिएको थियो ।


लामखुट्टेबाट जोगिने र लामखुट्टे नियन्त्रण गर्ने उपायहरू




• पूरा बाहुला भएको लुगा लगाउने
• झुल भित्र मात्र सुत्ने
• घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
• घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने



• खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
• साँझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने
• गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
• पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने



रामगोपालपुर नगरपालिका
रामगोपालपुर ,महोत्तरी



भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

सरस्वति पुजाको अवसरमा यस राम जानकी इंगलिस बोर्डिंग स्कूल सम्पूर्ण गौशाला नगरवासी , विद्यार्थी भाईबहिनि तथा अभिभावकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस स्कूलमा माध्यमिक तहमा नया/ शैक्षिक सत्र २०८१ बाट प्रवेश गरेको अवसरमा कक्षा ९ को लागि सरस्वति पुजा देखि वैशाख मसान्तसम्म नि:शुल्क भर्ना गरिनेछ ।यस अवसरमा आना नानीबाबुहरुलाई समयमानै भर्ना गराई मौकाको फाइदा लिनुहुन अनुरोध गर्दछौं ।

हाम्रा बिशेषताहरु

नि:शुल्क



- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था

राम जानकी इंगलिस बोर्डिंग स्कूल
गौशाला –४ जिरोमाइल



प्रिन्सिपल : उमेश कुशवाहा
सम्पर्क न. ९८४४०२७१३० ९८१८१८८७६६

“गौशाला नगरवासीको सान राम जानकी इंगलिस बोर्डिंग स्कूलको पहिचान”


गौशाला खबर उज्यालो नेपालद्वारा संचालित, अध्यक्ष : निरन्जन कुमार साह कार्यालय :गौशाला न.पा.५ ,महोत्तरी ,सम्पादक : सूर्यनारायण साह , **कार्यकारी सम्पादक :भाग्यरेखा ठाकुर**
**email:gaushalakhabar6684@gmail.com** मुद्रक :रि -स्टार अफसेट प्रेस ,गौशाला सम्पर्क न. :९८४४१०१९०८,९८२७८५३६५०